# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## मुस्ताङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १०१ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मुस्ताङ ।

**कैफियत सहितको राय**

हामीले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ५४ लाख ५८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. १४ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६४ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू. ७५ लाख ७७ हजार हजार रहेको छ ।पालिकाको गतवर्ष रु. २ करोड ७७ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ३ करोड ९२ लाख ४६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ४९ | १५४५८ | ० | ० | ० | ५१ | ४९ | १५४५८ | १४०२ | ७५७७ | ६४७९ | ० | ० | १४०५६ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुस्ताङ | २७७२९ | ० | ३९४१ | २३७८८ | ० | १५४५८ | ३९२४६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ , बार्ह गाउँ मुक्तिशेत्र गाउँपालिका , मुस्ताङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | JIT BAHADUR RANA | २०७८-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | AMRIT PRASAD REGMI | २०७६-८-१९ | |
| | | **बेरुजु रकम** | १५,४५७,६८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९,६९,१५,४६२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १९,९८,७७,९२७ | चालु खर्च | १२,२४,४६,६५५ |
| प्रदेश सरकारबाट अनुदान | ४,२३,६९,५९३ | पूँजीगत खर्च | ८,०७,०७,६८२ |
| राजश्व बाँडफाँट | ३,२२,०२,०१३ | वित्तीय/अन्य व्यवस्था | ५१,३३,७६४ |
| आन्तरिक आय | २३,६६,७९९ | | |
| अन्य आय | ५५,२७,६५१ | | |
| कुल आय | २८,२३,४३,९८३ | कुल खर्च | २०,८२,८८,१०१ |
| बाँकी मौज्दात | | १३,८३,६३,५५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७/७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः- | |

**एकीकृत आय-व्याय विवरण**

**आर्थिक वर्ष 207७/7८**

| **क्र. सं.** | **आय** | | | **क्र. सं.** | **व्यय** | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारीः-** | | **९६९१५४६२** | १ | **चालु खर्चः-** | | **१२२४४६६५५** |
| | क नगद | ० | | | क. गाउँकार्यपालिका( गा पा, आयुर्बेद र पशु शाखा) | ६४६१०५१९ | |
| | ख पेश्की ( गा पा भवन र झोलुङ्गे पुल) | ० | | | ख. कृषि शाखा | ९७१२१ | |
| | ग मुल कोष बैक मौज्दात | ९४३९११०३ | | | ग. शिक्षा शाखा | २६७७१५५ | |
| | घ धरौटी खाता | १८६२१६ | | | घ स्वास्थ्य शाखा | १४९२८०७ | |
| | ङ. प्रकोप ब्यबस्थापन कोष | २३३८१४३ | | | ङ.संघीय ससर्त | ४९६९६८१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खाता | | | | | | | | |
| | | | | २ | **यस वर्षको राजस्व आन्तरिक आयः-** | | **३४५६८८१२** | | च. प्रदेश ससर्त ( तिरि संरक्षण) | ३८७२२३८ | | | |
| | | | | | क आन्तरिक राजस्व आम्दानी | २३६६७९९ | | २ | **पुँजिगत खर्चः-** | | **८०७०७६८२** | | |
| | | | | | ख संघीय राजस्व वांडफाड | २९७०२००१ | | | क. गाउँकार्यपालिका( गा पा, आयुर्बेद र पशु शाखा) | ४९४४६४११ | | | |
| | | | | | ग प्रदेश राजस्व वांडफाड | २५०००१२ | | | ख. कृषि शाखा | ११४५४७५ | | | |
| | | | | ३ | **वित्तीय हस्तान्तरणः-** | | **२०९६३९७३२** | | ग. शिक्षा शाखा | २६९७००५ | | | |
| | | | | | क. संघीय वित्तीय समनीकरण | ६७१००००० | | | घ स्वास्थ्य शाखा | ७९९६४१ | | | |
| | | | | | ख. गण्डकि प्रदेश वित्तीय समानीकरण | १२१४६००० | | | ङ.संघीय ससर्त र बिसेष अनुदान | १६०४०२२८ | | | |
| | | | | | ग. संघीय ससर्त अनुदान | १००७४२८१० | | | च. प्रदेश बिसेष अनुदान | १०५७८९२२ | | | |
| | | | | | घ. गण्डकि प्रदेश समपुरक अनुदान | ५०००००० | | ३ | **हस्तान्तरित कार्यक्रम** | | **३२६०७७८८** | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ङ. संघीय सरकार बिसेष अनुदान | १००००००० | | | क.सामाजिक सुरक्षा | १३७८७१५८ | | | |
| | | | | | च. गण्डकि प्रदेश विसेष अनुदान | १०५७८९२२ | | | ख पुर्वाधार बिकास साझेदारी कार्यक्रम | ८२४७९५९ | | | |
| | | | | | छ. गण्डकि प्रदेश ससर्त अनुदान | ४०७२००० | | | ग सामाजिक बिकास मन्त्रालय चालु | १३८४००० | | | |
| | | | | ४ | **हस्तान्तरित कार्यक्रम** | | **३२६०७७८८** | | घ. सामाजिक बिकास मन्त्रालय पुजिगत | ८६९०३३१ | | | |
| | | | | | क.सामाजिक सुरक्षा | १३७८७१५८ | | | ङ. प्रदेश सामाजिक बिकास मन्त्रालय कोरोना | ४९८३४० | | | |
| | | | | | ख पुर्वाधार बिकास साझेदारी कार्यक्रम | ८२४७९५९ | | ४ | **प्रकोप ब्यबस्थापन खर्च** | ४९३२४६४ | **४९३२४६४** | | |
| | | | | | ग प्रदेश सामाजिक बिकास मन्त्रालय चालु | १३८४००० | | ५ | **धरौटि फिर्ता** | २०१३०० | **२०१३००** | | |
| | | | | | घ. प्रदेश सामाजिक बिकास मन्त्रालय पुजिगत | ८६९०३३१ | | | **बैङ्क मौज्दात (स्रेस्ता अनुसार) प्रभु बैङ्क** | | **१३८३६३५५६** | | |
| | | | | | ङ. प्रदेश सामाजिक | ४९८३४० | | | मुलकोष खाता | ११०६३२८५० | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बिकास मन्त्रालय कोरोना | | | | | | |
| ५ | **प्रकोप ब्यबास्थापन कोष आम्दानीः-** | | **३५०००००** | | चालु खर्च खाता ( १३६४६३२९७-१२२४४६६५५) | १४०१६६४२ | |
| | क. कोरोना अस्पताल निर्माण आम्दाननी | १०००००० | | | पुजिगत खर्च खाता (९१५०३५००-८०७०७६८२) | १०७९५८१८ | |
| | ख वित्तीय समानीकरण ट्रान्सफर | २५००००० | | | प्रकोप ब्यबस्थापन कोष खाता | ९०५६७९ | |
| ६ | **धरौटि प्राप्त** | २०२७६५१ | **२०२७६५१** | | धरौटि खाता | २०१२५६७ | |
| | **कुल** | **379259445** | **३७९२५९४४५** | | | **३७९२५९४४५** | **३७९२५९४४५** |

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको उद्बेश्य रहेको छ । यस पालिका अन्तर्गत 5 वडा, 28 सभा सदस्य, 885.79वर्ग किलोमिटर क्षेत्रफल तथा 2330 जनसंख्या रहेको छ ।

**लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा देहाय बमोजिम रु. 42400.00 असुल भई स्थानीय सञ्चित कोषमा दाखिला भएको छ ।

| **दाखिला मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| 2078/6/14 | | 7400.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राजस्व दाखिला छुट भएको रकम असुल भई दाखिला | | | |
| | | | | 2078/6/14 | आय ठेक्काको उठ्न बाँकी रकम असुल भई दाखिला | 35000.00 | | |
| | | | | जम्मा | | 42400.00 | | |
| | | | **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (शुत्र)बाट प्राप्त हुने म.ले.प. फा.नं. 272 को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | | | | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । स्थानीय तहको आ.व.2076/77 को लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. 96360683.00 मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. 96915462.00 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. 574779.00 बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तीय विवरणमा कुनै खुलासा गरेको पाइएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बैक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । जसको कारण निम्नानुसार मौज्दातमा फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | ग १.१ - आन्तरिक राजस्व खाता | ० | ० | ० |
| 2. | ग१.२ - बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| 3. | ग२.२ - चालू खर्च खाता- जोर वर्ष | १,४०,१६,६४२ | २२४२५९८२ | ८४,०९,३४० |
| 4. | ग२.४ - पुँजीगत खर्च खाता- जोर वर्ष | १,०७,९५,८१८ | १३९२७४२८ | ३१,३१,६१० |
| 5. | ग३.१ - स्थानीय तह धरौटी खाता | २०,१२,५६७ | २०१२५६७ | ० |
| 6. | ग४.१ - स्थानीय तह सञ्चित कोष खाता | ११,०६,३२,८50 | ११०६३२८५० | 0 |
| 7. | ग७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोषखाता | ९,०५,६७९ | २३२६४६५ | १४,२०,७८६ |
| **जम्मा** | | **१३,८३,६३,५५५** | **151325292** | **12961736** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 3 ऐन, 4 नियमावली, 10 कार्यविधि र 1 निर्देशिका समेत 18 कानुन एवं कार्यविधि निर्माण गरी कार्यन्वयनमा ल्याएको छ ।<br><br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>· प्रथम चौमासिकमा ठेक्का सम्झौता गरेको पाइएन ।<br><br>· म.ले.प. फारम नं. ६०१ अनुसारको व्यक्तिगत धरौटी खाता नराखेको एवं प्रयोजन समाप्त भएको धरौटी रकम सदरस्याहा गर्ने प्रक्रिया सुरु गरेको पाइएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br><br>· मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको तथा इ-टीडिएस गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · निजामती सेवा ऐन, 2049 को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाइएन ।<br><br>· कर्मचारी दरबन्दी अनुरुप पदपूर्ति भएको पाइएन ।<br><br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br><br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br><br>· राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको लगत खडा गरेको देखिएन ।<br><br>· दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।<br><br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा मर्मत आदेश ल्याउने गरेको पाइएन । साथै कतिपय मालसामानको मूल्य खुलाएको पाइएन ।<br><br>· कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख राखेको पाइएन।<br><br>· गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यसवर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>· गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेमापूर्ण रुपमा यसको पालना हुन सकेको पाइएन ।<br><br>· उपभोक्ता समितिद्वारा निर्माण हुने योजनाहरूमा डोर हाजिरबाट काम गर्ने कामदारहरूको परिचय खुल्ने कागजात संलग्न राख्ने गरेको पाइएन।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सोको पालना पूर्ण रुपमा भएको पाइएन।<br><br>· गाउँपालिकाले वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। साथै शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाइएन ।<br><br>· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजूको लगत तयार गरेको पाइएन ।<br><br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिकाका उपाध्यक्षले २०७७।३।१० मा रु. 26 करोड 23 लाख 47 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।10 मा पारित भएको छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७७।04।01 मारु 32 करोड 96 लाख 73 हजार बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको पाइयो। सभाबाट स्वीकृत बजेट र खर्च गर्न दिएको अख्तियारी बीच फरक परेको छ । यस सम्बन्धमा पदाधिकारीसँग छलफल गर्दा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) मा हिसाब नमिलेको कारण फरक परेको कार्यालयको भनाई रहेको छ । संचितकोष व्यवस्थापन प्रणालीमा वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **चौमासिक पूँजीगत खर्च**<br>पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| कूल खर्च: | | 80708 | 10407 | 25125 | 45176 | 44662 |
| खर्च प्रतिशत | | 100 | 12.89 | 31.13 | 55.98 | 55.34 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४०२००००० | १९७७४८७४ | 49.19 |
| सामाजिक क्षेत्र | १०८४२४००० | ७२७५०२८० | 67.09 |
| पूर्वाधार विकास क्षेत्र | ८६२०९४८९ | ५४९९७६९५ | 63.8 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६५२८४०३ | २२९६१७३१ | 86.56 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५९२७५८१० | ३५६६९७५७ | 60.18 |
| **जम्मा** | **३२०६३७७०२** | **२०६१५४३३७** | **64.29** |

उपर्युक्त तालिका बमोजिम बजेटको तुलनामा सबै भन्दा कम आर्थिक विकास क्षेत्रमा 49.19 प्रतिशत र सबै भन्दा बढी सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा 86.56 प्रतिशत खर्च भएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २३६६७९९.00 राजस्व बाँडफाँट र अनुदानबाट रु. 241841745.74 समेत रु. २४४२०८५४४.७४आम्दानी भएकोमा चालु तर्फ रु. १२२४४६६५५.00 र पूँजिगत तर्फ रु. 80707682.00 रु.२०3१५४३३७.00 खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.16प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. 10711500.00 खर्च भएको छ जुन आन्तरिक आयको 452.57 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट 51 प्रतिशत चालु र 33 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना र कार्यान्वयन**<br>**न**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला तथा प्रतिफलमुखी योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| 1. | रु एक लाख भन्दा कमको योजना | 1 | 78467 |
| 2. | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | 52 | 17341184 |
| 3. | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 28 | 22242706 |
| 4. | दश लाख एकदेखि ५० लाख सम्मका योजना | 12 | 22542499 |
| 5. | ५० लाख भन्दा माथीका | - | 0 |
| **जम्मा** | | 93 | 62204856 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यस वर्ष लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष १ उजुरी परेकोमा मेलमिलाप भई कुनै उजुरी फर्स्यौट गर्न बाँकी रहेको पाइएन। | |
| १२ | | | **अवकाश कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 26 जना कर्मचारीहरू करारमा राखी रु. 5745085.00 खर्च लेखेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४ | | | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णय अनुसार निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण थप व्ययभार परेको रु. | ६७१,७१७ |

| **भत्ताविवरण** | **मासिक दर** | **भत्ता लिने कर्मचारी संख्या** | **जम्मा रकम** |
| --- | --- | --- | --- |
| फिल्ड भत्ता | १०००० | १ | ११०००० |
| आवास भत्ता | २००० | १७ जना | ३४५७१७ |
| अन्य भत्ता (लेखा प्रमुख) | १५००० | १ जना | १80००० |
| अन्य भत्ता (सहयोगी) | ३००० | १ जना | ३६००० |
| **जम्मा** | | | **६७१७१७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **पदाधिकारी सुविधा**<br>गाउँसभा, नगरसभा, र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिकाले पदाधिकारी र सदस्यले आफू निर्वाचित भ ाइ पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । पालिकाले त्यस्तो सुविधा वापत २०७६ कार्तिक देखि २०७८ असार सम्म २१ महिनाको रु. १२१२९०००.०० खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन: | |
| १५.१ | | | **पदाधिकारी सुविधा र आन्तरीक स्रोतको तुलना :** उल्लेखित रकम पालिकाले पदाधिकारीला ाइ सुविधा भुक्तानी गर्दा स्थानिय तहको आन्तरीक स्रोत रु. 2366799.०० मात्र देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक स्रोतको आधारमा मात्र अनुसूची बमोजिमको रकम मात्र सुविधा प्रदान गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>पदाधिकारीको पारिश्रमिक कर:आयकर ऐन, २०५८ को दफा २२(२)मा प्राकृतिक व्यक्तिले निजको आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नुपर्ने, दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्ने तथा दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिम कर भुक्तानीमा कट्टी हुने व्यवस्था छ । पालिकाले पदाधिकारीको सुविधा भुक्तानी गर्दा भुक्तानीमा न्यून करकट्टी गरी भुक्तानी गरेको छ । यसरी घटी कट्टी भएको कर रकम निजहरूबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पद</th><th>नाम थर</th><th>करयोग्य आय</th><th>कट्टी हुनपर्ने कर रकम</th><th>कट्टी भएको कर रकम</th><th>घट्टी भएको कर रकम</th></tr>
<tr><td>अध्यक्ष</td><td>श्री फेन्चोक छेप्तेन गुरुङ</td><td>१०१९५००</td><td>१३५३५०</td><td>४३२१८</td><td>९२१३२</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>श्री दिकी गुरुङ</td><td>९१९०००</td><td>९४६८०</td><td>३८८५०</td><td>५५८३०</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>श्री विर बहादुर गुरुङ</td><td>४९०८००</td><td>८५८०</td><td>५१८७</td><td>३३९३</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>श्री छिन नाम्म्या गुरुङ</td><td>४९०८००</td><td>८५८०</td><td>५१८७</td><td>३३९३</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>श्री तेन्जिन नाम्गले गुरुङ</td><td>४९०८००</td><td>८५८०</td><td>५१८७</td><td>३३९३</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>श्री नविन कुमार गुरुङ</td><td>४९०८००</td><td>८५८०</td><td>५१८७</td><td>३३९३</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>श्री राप्के गुरुङ</td><td>४९०८००</td><td>८५८०</td><td>५१८७</td><td>३३९३</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६४९२७</td></tr>
</table>
</td><td>१६४,९२७</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सेवा करार कर्मचारीको स्थानीय भत्ता:</td><td>९२३,३७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन÷१८÷०७३।७४, चलानी नं. २१७ मिति २०७४।०१।२५ को परिपत्रले करार सेवाका कर्मचारीको सुविधाबारे स्पष्ट पारेको छ । जसअनुसार करारका कर्मचारीला्इ स्थानीय भत्ता वापतको भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले यस वर्ष सेवा करारतर्फका २६ कर्मचारीला्इ स्थानीय भत्ता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | |

| **क्र. सं.** | **पद** | **नाम** | **स्थानीय भत्ता वापतको रकम** |
|---|---|---|---|
| 1. | ना.प्रा.स. | श्री पेमा लमु यल्गु | ४४२८० |
| 2. | ना.प.से.प्रा. | श्री मनिषा जि.सी. | ४४२८० |
| 3. | ना.प.से.प्रा. | श्री वासु थकाली | ४४२८० |
| 4. | एम आइ एस अपरेटर | श्री सोनोपल थकाली | ३५२८० |
| 5. | फिल्ड सहायक | श्री सञ्जया सुवेदी | ३३२१० |
| 6. | फिल्ड सहायक | श्री उमेश दाहाल | ४४२८० |
| 7. | अ.हे.व | श्री सुस्मा शाही | ४४२८० |
| 8. | अ.हे.व | श्री गिता शाही | ४४२८० |
| 9. | अ.न.मी | श्री कल्पना कुमारी चौधरी | ३६९०० |
| 10. | अ.न.मी | श्री सरिता वि.क. | ४४२८० |
| 11. | अ.न.मी | श्री अनिता कुमारी शाही | ४४२८० |
| 12. | अ.सब.इन्जिनियर | श्री मन बहादुर सार्की | ४४२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 13. | ह.स.चा. | श्री रिक बहादुर सार्की | २४३०० | | |
| | | | | 14. | ह.स.चा. | श्री हितमान गुरुङ | ६३६० | | |
| | | | | 15. | कार्यालय सहयोगी | श्री रो<br>नी नेपाली | ३२४०० | | |
| | | | | 16. | कार्यालय सहयोगी | श्री छिरिङ ग्लाल्वो गुरुङ | ३२४०० | | |
| | | | | 17. | कार्यालय सहयोगी | श्री शान्ती मेन्दोक गुरुङ | ३२४०० | | |
| | | | | 18. | कार्यालय सहयोगी | श्री नारायण योगी | ३२४०० | | |
| | | | | 19. | कार्यालय सहयोगी | श्री सरिला परियार | ३२४०० | | |
| | | | | 20. | कार्यालय सहयोगी | श्री कमल बहादुर गुरुङ | ३२४०० | | |
| | | | | 21. | कार्यालय सहयोगी | श्री कर्मझक्मे गुरुङ | ३२४०० | | |
| | | | | 22. | कार्यालय सहयोगरी | श्री छिरिङ डोमा गुरुङ | ३२४०० | | |
| | | | | 23. | कार्यालय सहयोगी | श्री शान्ति वि.क. | ३२४०० | | |
| | | | | 24. | कार्यालय सहयोगी | श्री दावा गुरुङ | ३२४०० | | |
| | | | | 25. | कार्यालय सहयोगी | श्री सोनु गूरुङ | ३२४०० | | |
| | | | | 26. | कार्यालय सहयोगी | श्री पुनिसरा पुर्जा | ३२४०० | | |
| | | | | | | | 923370 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th></th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td colspan="4"><table><tr><td></td><td>जम्मा</td><td></td></tr></table><br>कार्यालयको भनाई – स्थाई पदले पाउने भत्ताको 60 प्रतिशत मात्र दिएको, गाउँसभाबाट समेत निर्णय भएको ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td colspan="4">सक्कल बिजक पेश नभएको -<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(१०) अनुसार जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्चलेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपा्इ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले गाँउपालिका चालु, गो.भौ.नं.३७।२०७७।८।२८ बाट स्काभेटर प्रयोग गरी लुप्रा र कागबेनी गाँउमा बाढी तथा पहिरो पन्छाएको कार्यबापत अमित बिल्डर्स/अमित खाद्य स्टोर्स एण्ड सप्लायर्सला्इ भुक्तानी दिएकोमा सो को सक्कल बीजक देखिएन । अत: सोको सक्कल बीजक पेश हुनुपर्ने रु.</td><td>४९६,०८८.०२</td></tr>
<tr><td>१८</td><td></td><td></td><td colspan="4">खर्च शीर्षक फरक पारी खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ। गाँउपालिकाले निम्नानुसारका खर्च लेख्दा खर्च शीर्षक फरक पारी खर्च लेखेको देखियो ।खर्च शीर्षक फरक पारी खर्च लेखेको नियमित नदेखिएको रु.<br><table>
<tr><th>गो.भौ.नं. मिति</th><th>विवरण</th><th>खर्च लेख्नुपर्ने शीर्षक</th><th>खर्च लेखेको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>गा.पा.चालु 65-2077/9/28</td><td>करार कर्मचारीको तलब भत्ता</td><td>करार सेवा शुल्क</td><td>कर्मचारी पारिश्रमिक</td><td>437025</td></tr>
<tr><td>94-2077/12/4</td><td>करार कर्मचारीको तलब भत्ता</td><td>करार सेवा शुल्क</td><td>कर्मचारी पारिश्रमिक</td><td>847440</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>1284465</td></tr>
</table></td><td>१,२८४,४६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७८/०६/१७ मा बैंक दाखिला भौ.नं. 5306303 बाट रु. 45359767.00 राजश्व शीर्षक 15113 मा संघीय सञ्चित कोष दाखिला भएको छ । साथै प्रदेश सरकारको शसर्त अनुदान रु. १९९६७२.00 मिति २०७८/०६/१७ मा बैंक दाखिला भौ.नं. ५४७९२५४ बाट राजश्व शीर्षक 15113 मा प्रदेश संचित कोषमा दाखिला भएको छ । खर्च नभई बाँकी रहेको रकम समयमै सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।प्रदेश समपुरक अनुदान तर्फ रु. 5000000.00 निकासा प्राप्त भएकोमा रु. 2383192.00 खर्च भई रु. 2616808.00 बाँकी रहेको छ । उक्त बजेट 2077 फाल्गुनमा मात्र फुकुवा भएको र सो अवधि भन्दा अगावै समपुरक अनुदानबाट व्यहोरिने रकम समेत वित्तीय समानीकरण अनुदानबाट खर्च गरिसकिएकोले फिर्ता गर्नु नपर्ने कार्यलयको भनाई रहेको छ ।

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>१००७४२८१०</td><td>६२१०८१९५</td><td>३८६३४६१५</td></tr>
<tr><td></td><td>विषेश</td><td>१००००००००</td><td>३६२८८४८</td><td>६३७११५२</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>4072000</td><td>३८७२२३८</td><td>१९९७६२</td></tr>
<tr><td></td><td>विषेश</td><td>१०५७८९२२</td><td>१०५७८९२२</td><td>00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>125393732</td><td>80188203</td><td>45205529</td></tr>
</table>

:

त्यस्तै स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत निर्माण कार्यको कन्टिन्जेन्सी रकम पालिकाले खर्च नगरि रु. 354000.00 स्थानीय सञ्चित कोष खातामा राखेकोले सो रकम मिति २०७८/०६/१७ मा बैंक दाखिला भौ.नं. 5306303 बाट राजश्व शीर्षक 15113 मा संघीय संचित कोष दाखिला भएको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.3555398.00 खर्च गरेको देखिन्छ । | |
| २१ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

Table for item २०:

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| 1. | छेगुर समाजघर संरक्षण उ.स.,वडा नं. 1 | समाजघर निर्माण | 855000 |
| 2. | आमा समुह भवन सुधार निर्माण उ.स.,वडा नं. २ | भवन मर्मत | 427500 |
| 3. | तेताङ समाज घर नि.उ.स. | भवन निर्माण | 1152000 |
| 4. | छुसाङ समाज घर नि.उ.स. | भवन निर्माण | 1120898 |
| | **जम्मा** | | **3555398** |

Table for item २१:

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पती कर | २,००,००० | २,६१,५९० | 130.80 |
| भुमिकर/मालपोत | १,००,००० | ४,१०,७३० | 410.73 |
| घरवहाल कर | १,००,००० | २,५०,९४४ | 250.94 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | सवारी साधन कर (साना सवारी) | ५०,००० | ० | 0.00 | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य मनोरञ्जन कर | ५०,००० | ० | 0.00 | | |
| | | | | व्यवसायले भुक्तानी गर्ने | ३,००,००० | ० | 0.00 | | |
| | | | | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८०,००० | १,१५,००० | 143.75 | | |
| | | | | अन्य कर | १,५०,००० | २,६०० | 1.73 | | |
| | | | | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २,००,००० | ० | 0.00 | | |
| | | | | अन्य प्रशासनिक सेवा शुल्क | १,५०,००० | ३,३५,१२२ | 223.41 | | |
| | | | | पार्किङ्ग शुल्क | ७,००,००० | ० | 0.00 | | |
| | | | | अन्य दस्तुर | ५,००,००० | ४३,९०० | 8.78 | | |
| | | | | अन्य क्षेत्रको आय | २,००,००० | ४,६१,९७० | 230.99 | | |
| | | | | न्यायिक दण्ड, जरिवाना र जफत | ५,००० | ० | 0.00 | | |
| | | | | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,००० | ० | 0.00 | | |
| | | | | चालु हस्तान्तरण | ३,५०,००० | १,८८,९४३ | 53.98 | | |
| | | | | बेरूजू | ३,००,००० | २,९६,००० | 98.67 | | |
| | | | | **जम्मा** | **3485000** | **2366799** | **67.91** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी दाखिला गर्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २२ | | | **रसिद नियन्त्रण खाता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद जारी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाइ एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरूमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गाबाट प्रयोग भएको सम्बन्धमा आश्वस्त हुने आधार भएन । यस सम्बन्धमा गम्भीर भई रसिदको प्रयोगलाई व्यवस्थित बनाईनुपर्दछ । | |
| २३ | | | **रकम ढिला दाखिला गर्ने**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारला ाइ प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तरगतका वडाहरूले वर्षमा 1/2 पल्ट मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| २४ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २५ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाइएन । यस गाउँपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २६ | | | **भौ.नं. 23-078/3/23**<br>लुप्रा स्कूल भवन निर्माण कार्य गर्न आर्थिक वर्ष २०७7/78 मा रु. ९६,९६,६७९/-(मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. 60,८७,२९८/- (3६.९९ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री डोल्पो कन्स्ट्रक्शन प्रा.लि. सँग उक्त कार्य २०७८/३/१५ सम्म सम्पन्न गर्ने गरी मिति 2077/9/१० मा सम्झौता भएको देखिन्छ । उक्त ठेक्का कार्यका निर्माण व्यवसायीलाई यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु. 36,28,848/- भुक्तानी भएकोमा निम्न व्यहोरा देखियोः- | |
| २६.१ | | | **घटी कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्रदाताले खरिद सम्झौताको लागि कार्य सम्पादन जमानत पेश गर्दा लागत अनुमान रकमको १५ प्रतिशतसम्म कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र अनुमान रकमको १५ प्रतिशतभन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत दाखिला गर्नुपर्ने व्यवस्था छ ।<br>यस भवन निर्माण कार्यको लागत अनुमान रु. ९६,९६,६७९/- रहेकोमा निर्माण व्यवसायीले रु. 6०,८७,२९८/- अर्थात् 3६.९९ प्रतिशत न्यूनमा उक्त ठेक्का कार्य सकार गरेको आधारमा रु. १३८१८०५/- को कार्य सम्पादन जमानत आवश्यक पर्नेमा एक वाणिज्य बैंकबाट जारी भएको रु. ११,९९,४१७/- मात्रको कार्य सम्पादन जमानत पेश गरेको पाइयो । उक्त निर्माण कार्य हालसम्म सम्पन्न भएको नदेखिएको शुरु सम्झौता अनुसारको त्रुटि सच्याउने अवधि (DLP) समेत 2079/4/24 रहेकोले नपुग कार्यसम्पादन जमानत थप गराई लिनुपर्ने देखिएको रु. | १८२,३८८ |
| २६.२ | | | **निर्माण कार्य अधुरो** - निर्माण व्यवसायी श्री डोल्पो कन्स्ट्रक्शन प्रा.लि. सँग मिति 2077/९/१० मा भएको सम्झौता अनुसार उक्त कार्य २०७८/३/१५ सम्म सम्पन्न गर्नुपर्नेमा २०७८/३/23 रु. ३६,२८,८४८/- को प्रथम रनिङ्ग बिल पेश भई शत प्रतिशत समय व्यतित भइसक्दा 59.61 प्रतिशत मात्र कार्य भएको पाइयो । उक्त खरिद सम्झौताको म्याद थप समेत भएको नदेखिएकोले सार्वजनिक खरिद ऐन, नियमावली अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **झोलुङ्गे पुल निर्माण कार्यक्रम तर्फ**<br>नेपाल सरकारबाट घोषित तुइन विस्थापन कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको कार्यक्षेत्रमा निम्नानुसारका ४ वटा झोलुङ्गे पुल निर्माणाधीन रहेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्- | |

| योजनाको नाम | सम्झौता मिति | कार्य सम्पन्न हुने मिति | लागत अनुमान रु. (फेब्रिकेशन सहित) | लागत व्यहोर्ने निकायहरू | | | यस वर्ष गा.पा. बाट उ. स. लाई भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | संघीय झो.पु. क्षेत्रगत कार्यक्रमबाट | स्थानीय तहबाट | समुदाय तथा अन्यबाट | |
| १. ताङ्बे खोला झो.पु. (लंबाइ-८४ मी.) | 076/ 12/ 9 | नखुलाएको | 4367223/ - | 3524931/ - | 262033/ - | 580259/ - | 1978776/ - |
| २. नर्सिङ्ग खोला झो.पु. (लंबाइ-107 मी.) | 076/ 12/ 9 | नखुलाएको | 5801800/ - | 4678059/ - | 348108/ - | 775633/ - | 2336117/ - |
| १. फुजिलिङ्ग झो.पु. (लंबाइ-106 मी.) | 076/ 12/ 9 | नखुलाएको | 5007849/ - | 4038191/ - | 300471/ - | 669187/ - | 2175364/ - |
| १. ताङ्बेखोला झो.पु. (लंबाइ-7४ मी.) | 076/ 12/ 9 | नखुलाएको | 4951728 | 4207718/ - | 297104/ - | 446906/ - | 2157812/ - |
| | | | | | | **जम्मा भुक्तानी** | **8648069/ -** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.१ | | | निर्माण कार्य अवधि सम्बन्धमा - सार्वजनिक खरिद ऐन, नियमावली अनुसार खरिद सम्झौता गर्दा कार्य सम्पन्न गर्ने मिति समेत खुलाउनुपर्नेमा कार्यालयले उपभोक्ता समितिहरूसँग गरेको सम्झौतामा कार्य सम्पन्न गर्नुपर्ने मिति खुलाएको पाइएन । उल्लिखित ४ वटै झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित उपभोक्ता समितिहरूसँग 2076/12/09 मा सम्झौता भएको देखिन्छ । 2078 आषाढ मसान्तसम्म १५ महिना व्यतित भएकोमा पुलहरूको कार्य प्रगति 40 देखि ४५ प्रतिशत पाइयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २७.२ | | | **निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, 2064 को नियम ९७ मा उपभोक्ता समितिहरूबाट हुने निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था छ । कार्यालयले ४ वटा झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिहरूलाई यस वर्ष पहिलो रनिङ्ग बिल वापत रु. 86,48,069/- भुक्तानी गरेकोमा स्वीकृत मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम निर्माण कार्य भएको पुष्टि गर्ने निर्माण सामग्रीको ल्याब टेष्ट रिपोर्ट लगायतका प्रमाण कागजात संलग्न गरेको पाइएन । साथै पुल निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणको लागि एक गैर सरकारी संस्था (मुस्ताङ कल्याणकारी संघ) नियुक्त भएकोमा उक्त संस्थाले समेत आफ्नो प्रतिवेदनमा निर्माण कार्यको गुणस्तर सम्बन्धमा केही उल्लेख गरेको पाइएन । अतः स्वीकृत मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम निर्माण कार्य भएको सुनिश्चित गर्ने आधार पेश हुनुपर्दछ । | |
| २८ | | | **भौ.नं. 38-078/3/27**<br>गाउँपालिका अन्तर्गतका ४ वटा झोलुङ्गे पुल निर्माणको डिजाइत तथा सुपरिवेक्षण बापत मुस्ताङ कल्याणकारी संघलाई रु. 892374/- भुक्तानी भएकोमा निम्न व्यहोरा देखियोः- | |
| २८.१ | | | **गैर सरकारी संस्था छनोटको आधार** - झोलुङ्गे पुल निर्माणको डिजाइन तथा सुपरिवेक्षणको लागि उक्त संस्थाले पेश गरेको प्रस्तावको आधारमा गाउँ कार्यपालिकाको मिति 2076/2/07 को निर्णयबाट संस्था छनोट भई 2076/2/20 मा कार्यदिश दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा उक्त संस्था छनोटको आधार, प्रक्रिया एवम् उक्त कार्यको लागत अनुमान सम्बन्धी कागजात माग गरिएकोमा पेश हुन आएन । | |
| २८.२ | | | **आवधिक तथा वार्षिक प्रतिवेदन** – गैर सरकारी संस्थासँग भएको सम्झौताको दफा २.१ अनुसार संस्थाले आफूले सम्पन्न गरेको कामको पहिलो चौमासिक प्रतिवेदन मार्ग ७ गतेभित्र, दोस्रो चौमासिक प्रतिवेदन चैत्र ७ गतेभित्र तथा वार्षिक प्रतिवेदन श्रावण १५ गतेभित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोमा उल्लिखित चौमासिक तथा वार्षिक प्रतिवेदनहरू पेश गरेको देखिएन । अतः सम्झौता अनुसार चौमासिक तथा वार्षिक प्रतिवेदनहरू पेश गरेपछि मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| २९ | | | **भौ.नं. १२-07७/11/18**<br>झोलुङ्गे पुल निर्माणको लागि आवश्यक स्टील फेब्रिकेशन तथा पार्टपुर्जा आपूर्ति वापत रिजवान इञ्जिनियरिङ्ग उद्योग, नेपालगञ्जलाई रु. 1936437/- भुक्तानी भएकोमा देहायका व्यहोरा देखियोः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **आपूर्ति कार्य अधुरो** - गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत निर्माणाधीन ४ वटा झोलुङ्गे पुलको लागि आवश्यक स्टील फेब्रिकेशन तथा पार्टपुर्जा आपूर्तिको लागि बोलपत्र प्रतिस्पर्धाबाट छनोट भएका आपूर्तिकर्ता रिजवान इञ्जिनियरिङ्ग उद्योग, नेपालगञ्जसँग मिति 2076/12/02 मा २ महिना अर्थात् 2077/2/02 भित्र आपूर्ति गर्ने गरी रु. 38,25,373/- को सम्झौता भएकोमा कोभिड-19 को बन्दाबन्दी तथा निषेधाज्ञा, आपूर्तिकर्ताको उद्योगको प्लाण्टमा आगलागी जस्ता कारण दर्शाई खरिद सम्झौताको म्याद 2078/6/30 सम्म थप भएको देखिन्छ । आपूर्तिकर्ताले ४ वटा पुलमध्ये नर्सिङ्ग खोला र घोक खोला पुलको फेब्रिकेशन तथा पार्टपुर्जा सामग्री मात्र आपूर्ति गरेको पाइयो । सम्झौताको अन्तिम म्याद 2078/6/30 सम्म रहेकोमा लेखापरीक्षण अवधि (2078/6/20) सम्म आपूर्तिकर्ताले बाँकी २ पुलको लागि आवश्यक मालसामान आपूर्ति गरेको छैन र खरिद सम्झौताको म्याद पनि थप भएको छैन । अतः सार्वजनिक खरिद ऐन, नियमावली अनुसार आवश्यक कारबाही गरी आपूर्ति कार्य सम्पन्न गराउनुपर्दछ । | |
| २९.२ | | | **घटी कार्यसम्पादन जमानत तथा जमानतको म्याद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्रदाताले खरिद सम्झौताको लागि कार्य सम्पादन जमानत पेश गर्दा लागत अनुमान रकमको १५ प्रतिशतसम्म कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र अनुमान रकमको १५ प्रतिशतभन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत दाखिला गर्नुपर्ने व्यवस्था छ ।<br>चार वटा झोलुङ्गे पुलको स्टील फेब्रिकेशन तथा पार्टपुर्जा आपूर्ति सम्बन्धी यस कार्यको लागत अनुमान रु. ४७,५१,९९५/- रहेकोमा आपूर्तिकर्ताले रु. ३८,२५,373/- अर्थात् 1९.50 प्रतिशत न्यूनमा उक्त ठेक्का कार्य सकार गरेको आधारमा रु. 405,000/- को कार्य सम्पादन जमानत आवश्यक पर्नेमा एक वाणिज्य बैंकबाट जारी भएको रु. 300,000/- मात्रको कार्य सम्पादन जमानत पेश गरेको पाइयो । साथै पेश भएको जमानतको म्याद पनि 2078/3/26 मा समाप्त भइसकेकोले म्याद थप अवधि अवधि तथा वारेण्टी पिरियड समेत गरी 2079/7/30 सम्मको नपुग कार्यसम्पादन जमानत रु. 105,000/- समेत थप गरी कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु. | ४०५,००० |
| ३० | | | **जन नर्मल आधारभूत विद्यालयको भवन निर्माण**<br>(ठेक्का नं. 03-077/78) कार्य गर्न आर्थिक वर्ष २०७७/78 मा रु. 237,99,943/-(मू.अ.कर सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु. 167,73,347/- (31.05 प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री अमित बिल्डर्स प्रा.लि. सँग उक्त कार्य २०७८/३/20 मा सम्म सम्पन्न गर्ने गरी मिति 2077/१2/19 मा सम्झौता भएको देखिन्छ। उक्त ठेक्का कार्यका निर्माण व्यवसायीलाई यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु. 75,88,259/- भुक्तानी भएकोमा निम्न व्यहोरा देखियोः- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | **भेरिएसन बेगर कार्यप्रकृति परिवर्तन** - सार्वजनिक निकायले निर्माण कार्य गराउँदा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत लागत अनुमान एवम् ड्रइङ्ग/डिजाइन अनुसार गराउनुपर्दछ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । यस भवन निर्माण कार्यको स्वीकृत लागत अनुमान एवम् ड्रइङ्ग/डिजाइन अनुसार भवनको पार्टिशन वाल ढुंगाको गाह्रोबाट लगाउने उल्लेख भएकोमा सम्झौताको कार्यान्वयन गर्दा/गराउँदा कंक्रिट ब्लकको पार्टिशन वाल गर्ने गरी कार्य गराएको पाइयो । कंक्रिट ब्लकको गाह्रोको परिमाण बि.ओ.क्यू. मा ३५.50 घन मीटर मात्र रहेकोमा प्रथम रनिङ्ग बिलमै २०४ घन मीटरको भुक्तानी भएको छ । यसरी भेरिएशन आदेश जारी बेगर निर्माण कार्यको कार्यप्रकृति परिवर्तन गरी 168.5 घन मीटर (475 प्रतिशत) बढी कार्य परिमाणको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. (168.50*1800/-) | ३०३,३०० |
| ३०.२ | | | **निर्माण कार्य अधुरो** - निर्माण व्यवसायी अमित बिल्डर्स प्रा.लि. सँग मिति 2077/12/19 मा भएको सम्झौता अनुसार उक्त कार्य २०७८/३/20 सम्म सम्पन्न गर्नुपर्नेमा २०७८/३/25 रु. 75,88,259/- को प्रथम रनिङ्ग बिल पेश भई शत प्रतिशत समय व्यतीत भइसक्दा 45.24 प्रतिशत मात्र कार्य भएको पाइयो । उक्त खरिद सम्झौताको म्याद थप समेत भएको नदेखिएकोले सार्वजनिक खरिद ऐन, नियमावली अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ । | |
| ३१ | | २०७८-३-२९ | **पि.एस. आइटमको बिल/भर्पाई**<br><br>कागबेनी कागखोलामा आर.सी.सी. शियर वाल निर्माणकर्ता निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको बि. ओ. क्यू. प्रियाम्बलमा अनुसार प्रोभिजनल सम (पि. एस.) आइटमको भुक्तानी गर्दा पेश भएको बिल, भर्पाईको आधारमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त निर्माण व्यवसायीलाई ल्याब टेष्ट शुल्क वापत पि. एस. बाट रु. ८५२७/५१ भुक्तानी गरेकोमा सोको बिल, भर्पाई पेश भएको नपाइएकोले उक्त रकम असूल गर्नुपर्ने | ८,५२७.५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कार्यालय भवन निर्माण**<br>गाउँपालिकाको कार्यालय भवन निर्माण गर्नको लागि श्री गीता/ श्री क्रियटिभ जे.भी., मुस्ताङसँग 2077/ 9/ 11 सम्म कार्य सम्पन्न गर्ने गरी 2076/ 3/ 12 मा रु. 390093138 को खरिद सम्झौता भएकोमा पाँचौ रनिङ्ग बिल सम्म रु. 25601907.49 भुक्तानी भएको छ । सोको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय बमोजिम छन् । | |
| ३२.१ | | | पालिकाले निर्माण व्यवसायीलाई दोस्रो पटक 2078/6/12 सम्म म्याद थप गरेकोमा निर्माण कार्य हाल सम्म सम्पन्न भएको पाइएन । उक्त ठेक्काको कार्य सम्पादन जमानतको म्याद 2078/12/3 सम्म र बीमाको म्याद 2078/9/10 गते सम्म रहेको हुँदा सोको म्याद त्रुटी सच्याउने अवधि सम्म र थप एक महिना समेत हुने गरी नविकरण गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>

**नन्फाइलर**– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट उक्त फर्मलाई मू.अ.कर रु.861721 समेत रु. 14027416 भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>बिजक नं./ मिति</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>13-2077/7/1</td><td rowspan="3">श्री गीता/श्री क्रियटिभ जे.भी., मुस्ताङ</td><td>1-2077/6/30</td><td rowspan="3">610837571</td><td>7561558</td><td>434957</td><td rowspan="3">2077 मंसिर देखि</td></tr>
<tr><td>36-2077/9/2</td><td>2-2077/9/6</td><td>4082666</td><td>234844</td></tr>
<tr><td>172-2078/3/30</td><td>3-2078/3/30</td><td>2383192</td><td>191920</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>14027416</td><td>861721</td><td></td></tr>
</table>

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>८६१,७२१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.३ | | | **धरौटी कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा रिटेन्सनमनी वापत रनिङ वा अन्य विल वा बीजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले श्रीगीता/श्री क्रिएटिभ जेभीलाई सम्झौता वमोजिमको निर्माण कार्यको रकम निम्न भुक्तानी गर्दा धरौटी कट्टी गरेको पाइएन । धरौटी रकम सम्बन्धितवाट असुल गरी धरौटी खातामा दाखिला गर्नुपर्ने रु. | ५१५,२३१ |

| गो.भौ.नं मिति | निर्माण कार्यको नाम | भुक्तानी रकम | धरौटी रकम |
|---|---|---|---|
| 13-2077/7/1 | गाउँपालिका भवन निर्माण | 7561558 | 334582.00 |
| 36-2077/9/2 | गाउँपालिका भवन निर्माण | 4082666 | 180649 |
| **जम्मा** | | **11644224** | **515231** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>
घटी जनश्रमदान<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./ मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने प्रतिशत</th><th>उ.स.ले व्यहोरेको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>137-2078/3/21</td><td>छुसाङ गुम्बा खोलापारी बाटो मर्मत उ.स., वडा नं. 3</td><td>572144</td><td>507614</td><td>17</td><td>50761</td><td>35533</td></tr>
<tr><td>32-2077/9/5</td><td>रानीपौवा सौचालय निर्माण उ.स., वडा नं. १</td><td>1084695</td><td>1061823</td><td>12</td><td>111823</td><td>15596</td></tr>
<tr><td>166-2078/3/24</td><td>झोङ बाली संरक्षण उ.स., वडा नं. 2</td><td>482709</td><td>411198</td><td>11</td><td>41120</td><td>4112</td></tr>
<tr><td>143-2078/3/21</td><td>ताङ्वे सिँचाइ कुलो ब्य.उ.स., वडा नं. ३</td><td>333856</td><td>297821</td><td>14</td><td>29782</td><td>11913</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td>67154</td></tr>
</table>
</td><td>६७,१५४</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
दररेट निर्धारण<br>
स्थानीय तहले निर्माण सामग्री तथा ढुवानी, मेशिन तथा उपकरण र कामदारको ज्यालाको दररेट निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट समेतलाई आधार लिन उपयुक्त हुन्छ । आर्थिक वर्ष 2077/78 को लागि गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिले दररेट निर्धारण गर्दा जिल्ला
</td><td>२५०,७०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटभन्दा देहाय बमोजिम बढी हुने गरी दररेट निर्धारण गरेको पाइयो । | |

| **विवरण** | **ईकाइ** | **जिल्ला दररेट निर्धारण समितिबाट कायम दर (मु.अ.कर बाहेक)** | **स्थानीय तह दररेट निर्धारण समितिबाट कायम दर (मु.अ.कर बाहेक)** | **वृद्धि प्रतिशत** |
|---|---|---|---|---|
| अर्ध दक्ष ज्यामी | जवान प्रति दिन | 950 | 1040 | 9.47 |
| ज्यामी | जवान प्रति दिन | 775 | 790 | 1.94 |
| सडक मर्मत ज्यामी | जवान प्रति दिन | 550 | 575 | 4.55 |
| क्याम्प वर्कर | जवान प्रति दिन | 500 | 600 | 20.0 |
| भरीयाद्वारा ढुवानी (सजिलो सामान) | के.जी./कोष | 3.10 | 3.40 | 9.68 |
| भरीयाद्वारा ढुवानी (असजिलो सामान) | के.जी./कोष | 3.60 | 3.90 | 8.33 |
| एक्जाभेटरबाट साधारण माटो खन्ने | घ.मि. | 100 | 110 | 10.0 |
| एक्जाभेटरबाट कडा माटो खन्ने | घ.मि. | 110 | 120 | 9.09 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| एक्जाभेटरबाट पानी जमेको ठाउमा माटो खन्ने | घ.मि. | 115 | 125 | 8.70 |
| एक्जाभेटरबाट नरम चट्टान काट्ने काम | घ.मि. | 275 | 300 | 9.09 |
| ब्रेकर प्रयोग गरी मध्यम प्रकारको चट्टान काट्ने | घ.मि. | 600 | 660 | 10.0 |
| ब्रेकर प्रयोग गरी कडा प्रकारको चट्टान काट्ने | घ.मि. | 1600 | 1750 | 9.38 |
| स्थानीय सल्ला काठ | घ.मि. | 28500 | 30500 | 7.02 |
| स्थानीय काठ (सल्ला बाहेक) | घ.मि. | 25500 | 27500 | 7.84 |
| कंक्रिट ब्लक 16”*8”*4” | प्रति गोटा | 50 | 65 | 30.0 |
| कंक्रिट ब्लक 16”*8”*6” | प्रति गोटा | 70 | 80 | 14.9 |

सदरमुकाम जोमसोमबाट 12 किलोमिटरको दुरीमा गाउँपालिकाको केन्द्र कागबेनी रहेको छ । जिल्ला दररेट निर्धारण समितिले तल्लो मुस्ताङ र माथिल्लो मुस्ताङको क्षेत्रलाई अलग-अलग दररेट निर्धारण गरेको छ । यस गाउँपालिकाको वडा नं. १,२,४ र ५ अन्तर्गतका क्षेत्रहरू तल्लो मुस्ताङ (छुसाङ देखि तलको भूभाग) मा पर्ने देखिन्छ । जिल्ला दररेट निर्धारण समितिले तोकेको दरभन्दा बढी हुने गरी दररेट निर्धारण गरेको कारण निर्माण कार्यको लागत बढ्न गई गाउँपालिकालाई थप व्ययभार भर्न गएको छ । पालिकाले दररेट निर्धारण गर्दा जिल्ला दररेट समेतलाई आधार लिई मितव्ययिता कायम हुने गरी दररेट निर्धारण गर्नुपर्ने देखिन्छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा छुसाङ भन्दा तल्लो भागमा सञ्चालित निम्न योजनाको लागत अनुमान तयार गर्दा दररेट बढी निर्धारण भएको कारण योजनाको लागत बढ्न गई गाउँपालिकालाई रु. २५०७०५.00 थप व्ययभार पर्न गएको रु.

| **भौ.नं. र मिति** | **उ.स.को नाम** | **कामको विवरण** | **परिमाण (घ.मि.)** | **जिल्ला दररेट अनुसारको दर (मु.अ.कर समेत)** | **स्थानीय दररेट अनुसारको दर (मु.अ.कर समेत)** | **फरक दर** | **फरक रकम** | **गाउँपालिकाले व्यहोरेको रकम** |
|---|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 30-2077/9/5 | कागबेनी तिरी सडक नि.उ.स., वडा नं. 4 | नरम चट्टान काट्ने | 160.35 | 310.75 | 339 | 28.25 | 4530 | 4094 | |
| | | | | | कडा चट्टान काट्ने | 523.40 | 1808 | 1977 | 169 | 88455 | 79946 | |
| | | | | | नरम माटो काट्ने | 102 | 113 | 124.30 | 11.30 | 1153 | 1042 | |
| | | | 152-2078/3/22 | ढाकरजुङ ढल्केडाँडा देखि जोमसोम सम्म मोटरबाटो नि.उ.स., वडा नं. ५ | नरम माटो काट्ने | 1334.6 | 113 | 1२4.30 | 11.30 | 15081 | 13651 | |
| | | | | | नरम चट्टान काट्ने | 3258.53 | 310.75 | 339 | 28.25 | 92053 | 83326 | |
| | | | | | कडा चट्टान काट्ने | 163.5 | 1808 | 1977 | 169 | 27631 | 25012 | |
| | | | 101-2078/3/16 | झोङ भ्यू टावर बाटो नि.उ.स. | नरम माटो | 4281.48 | 113 | 124.30 | 11.30 | 48381 | 43634 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | काट्ने | | | | | | | | |
| | | | **जम्मा** | | | | | | | **280664** | **250705** | | |
| ३५ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 93 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु 62204856.00 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 2-2078/3/30 | तिरि बस्ती संरक्षण उ.स. | पहिरो रोकथाम | 3872230.73 | एक्जाभेटर | 2195133.66 |
| | भेन्या हुन्सी सडक उ.स. | सडक मर्मत | 192000 | एक्जाभेटर | 192000 |
| | **जम्मा** | | | | **2387133.66** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **सक्कल बिल भरपाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपार्ई, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । पालिकाले गो.भौ.नं. 119-2078/3/20 बाट सिँचाइ ग्यातान्थाङक उपभोकिता समितिलाई भुक्तानी गर्दा न्यू मुक्तिनाथ हार्डवेयर एण्ड सप्लायर्स (बिजक नं. 751) को रु. १६९२२८.५७ को फोटोकपी बिलको आधारमा भुक्तानी दिएको पाइयो । यस सम्बन्धमा सक्कल बिल लिई आएको ट्रक दुर्घटनामा परी पुर्ण रुपमा क्षतिग्रस्त भएकोले बिल समेत नष्ट भएको कार्यालयले जानकारी गाराएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **बढी भुक्तानी**<br>यस गाउँपालिकाको वडा नं ५ मा निर्माण भएको शाङ्ता तारबार योजनाको लागि शाङ्ता खेतवारी संरक्षणकालागि तारजाली निर्माण उपभोक्ता समितिसँग सम्झौता भएको पाईयो ।पालिकाले यो कार्य निर्माणकालागि डोलिडारको नर्मस प्रयोग गरेकोमा निर्माण सामाग्रीमा पहिलो ३ कि.मि. सम्म भरियाबाट बोकाएको दर राखि दर रेट बिश्लेषण गरेको पाईयो ।नर्मस अनुसार पहिलो ३ किमि भरियाद्वारा बोकाएको रेट अनुसारको बिश्लेषण गर्नु पर्नेमा १ किमि को दररेटलाई ३ ले गुणा गरि दररेट विश्लेषण गरेको पाईयो। यसर ी गरेको दररेट विश्लेषणमा प्रयोग भएका सामग्रीको दर ३ गुणा देखि ४ गुणा सम्म बढि भएको छ । यस कार्यको लागि नर्मस अनुसारको दररेट बिश्लेषण गर्दा आउने दर र यस कार्यमा प्रयोग भएको दरको फरक रकम उपभोक्ता समिति लाई बढि भुक्तानी भएको छ । यसरी बढि भुक्तानी भएको रु.५४२६७.९०सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गरि दाखिला हुनुपर्ने रु | ५४,२६७.९ |

| **विवरण** | **परिमाण** | **प्रयोग भएको दर** | **प्रयोग हुनुपर्ने दर** | **फरक** | **जम्मा** |
|---|---|---|---|---|---|
| Stone soling | ४.५ | १०५४०.५ | ६५३८.५ | ४००२ | १८००९ |
| Stone masonry 1:6 | ०.८६ | २०५४१.६६ | १५५१०.१६ | ५०३१.५० | ४३२७.०९ |
| PCC 1:2:4 | ९.१ | २३९१७.१९ | २०४०८.२ | ३५०८.९९ | ३१९३१.८१ |
| **जम्मा** | | | | | **५४२६७.९०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **ढुवानी खर्चः**<br>निर्माण कार्यको दररेट बिश्लेषण गर्दा त्यो ठाउँको भौगोलिक अवस्थिती यातायातका साधनको उपलब्धता आदिका आधारमा गर्नु पर्दछ। पालिकाले शांता तारजाली निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्थानिय स्तरमा उपलब्ध स्रोत साधन जस्तै ढुंगा गिट्टि बालुवाको ढुवानी गर्दा आयोजना पहिलो तीन कि.मि. सम्म भरिया द्वारा बोकाउने गरि दररेट बिश्लेषण गरेको पाईयो । तर त्यहि आयोजनामा अन्य निर्माण सामग्री सिमेन्ट डण्डी आदीको ढुवानी भने ट्रक तथा ट्याक्टरको माध्यमद्वारा गरिने भनि सोहि अनुसार ट्रक तथा ट्याक्टरको ढुवानी खर्च राखेको पाईयो । यसरी एउटै आयोजनामा कुनै सामग्री भरियाद्वारा र कुनै सामग्री यातायातका साधन प्रयोग गरि ढुवानी गर्नु नियम सम्मत देखिदैन । पालिकाले ढुंगा गिट्टि वालुवा आदीको ढुवानी पनि ट्रक तथा ट्याक्टरबाट गर्न सकिनेमा भरिया द्वारा ढुवानी गर्ने गरि दररेट बिश्लेषण गरेकोले योजनाको लागत बढ्न गएको छ । यस आयोजनामा प्रयोग भएका निर्माण सामग्रीको ढुवानी बापत रु ८००००.०० भुक्तानी गरेको भरपाई संलग्न भएको हुँदा ढुंगा गिट्टि वालुवा आदीको ढुवानी पनि ट्रक तथा ट्याक्टरबाट नै भएको देखिन्छ । यसरी ढुवानी गर्दा यातायातका साधनबाट गर्ने तर भुक्तानी भरियाले बोकेको भनि भुक्तानी गरेको पाईएकोले यातायातका साधनको प्रयोग भन्दा बढि दरले भएको भुक्तानी खर्च सम्बन्धित बाट असुल गरि दाखिला गर्नु पर्ने रु | ५१,०५१.४७ |

| **विवरण** | **परिमाण** | **ढुंगा** | **बालुवा** | **गिट्टि** | **भरिया भाडा** | **ट्रक ट्याक्टर भाडा** | **फरक** |
|---|---|---|---|---|---|---|---|
| PCC 1:2:4 | ९.१ | ० | ४.०५ | ७.७३५ | ४४१६२.२९ | १६२५०.८३ | २७९११.४६ |
| Stone Masnory 1:6 | ०.८६ | १.९६ | ०.४०४ | ० | ८९०७.९३ | २०३८.१२ | ६८६९.८१ |
| Stone Soling | ४.५ | ५.४ | ० | ० | २०७४९.५० | ४४७९.३० | १६२७०.२ |
| **जम्मा** | | | | | | | **५१०५१.४७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **ग्यावियन बक्सको कामः**<br>उपभोक्ता समितिको कार्य सम्पन्न बिलको भुक्तानी गर्दा सो कार्यको दर बिश्लेषण अनुसार निर्धारण भएको दर अनुसार भुक्तानी गर्नु पर्दछ । पालिकाले देहायका आयोजनाहरूको भुक्तानी गर्दा सम्झौताका बखत बिश्लेशण गरेको दर भन्दा बढि दरमा भुक्तानी गरेको पाईयो । यसरी दर रेट बिश्लेषणबाट आएको दर भन्दा बढि हुने गरि दिएको भुक्तानी सम्बन्धित बाट असुल गरि दाखिला हुनु पर्ने रु. | २८,६७४.२ |

| **आयोजनाको नाम** | **विवरण** | **परिमाण** | **भएको दर** | **हुनु पर्ने दर** | **फरक** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| लुप्रा धेक्यापमा छ्याप नाचे मैदान निमाण योजना | Fabrication and placing gabion box 2*1*1 size | ३५ | ४०४५.२८ | ३७३४.५६ | ३१०.७२ | १०८७५.२ |
| झारकोट आम्ची भवन व्यवस्थापन समिति | | २५ | ४०४६.७४ | ३६९०.७६ | ३5५.९८ | 8८९९.५ |
| झोङ्ग पार्क सिंचाई कुलो मर्मत उ.स. | | २५ | ४०४६.७४ | ३६९०.७६ | ३९५.९८ | 8८९९.५ |
| **जम्मा** | | | | | | **28674.20** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **ग्यावियन बक्सको कामः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट फलामे डण्डी, इट्टा, ढुङ्गा, स्यानिटरीका समान, जि.आइ.वायर र यस्तै अन्य निर्माण सामग्रीको दर भाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका आयोजनाको दररेट बिश्लेषण गर्दा ग्याबिन बक्सको पोखराबाट निर्माण स्थल सम्मको स्वीकृत ढुवानी दरमा १.५ को फ्याक्टरले गुणन गरि ढुवानी खर्च निकालेको पाईयो । पालिकाले स्वीकृत गरेको दररेटमा आर्थिक वर्ष २०७७।७८ मा जाली ढुवानीमा कुनै पनि फ्याक्टर राखेको पाईएन। यसरी स्वीकृत दररेट भन्दा बढि दर राखि उपभोक्ता समितिलाई भएको भुक्तानी सम्बन्धितबाट असुल गरि दाखिला हुनु पर्ने रु | २१,४३७.२५ |

| **आयोजना** | **जालीको तौल** | **ढुवानी प्रति कि.ग्रा.** | | **फरक** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **हुनु पर्ने** | **भएको** | | |
| झोङ पार्क सिंचाई कुलो मर्मत | ६२५ कि.ग्रा. | १३.३९ | १९.९० | ६.५१ | ४०६८.७५ |
| पाक्लिङ्ग सिंचाई योजना | १९७५ कि.ग्रा. | ११.८१ | १७.७२ | ५.९१ | ११६७२.२५ |
| छैगुर समाजघर निर्माण | ८७५ कि.ग्रा. | १३.३९ | १९.९० | ६.५१ | ५६९६.२५ |
| **जम्मा** | | | | | **२१४३७.२५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **उपभोक्ता समितिलाई बढि मू.अ.कर भुक्तानीः**<br>देहायका उपभोक्ता समितिलाई अन्तिमबिल भुक्तानी गर्दा सिमेन्ट खरिदमा सम्झौताको बखत राखेको दररेट भन्दा घटी गरि बिल पेश भएको हुँदा सम्झौताको बखत राखिएको दररेट र पेश भएको बिलको दरको बिचको फरकमा भुक्तानी भएको मू.अ.कर रकम सम्बन्धितबाट असुलहुनुपर्ने रु. | २२,०००.७८ |

<table>
<tr><th rowspan="2">आयोजना</th><th colspan="2">दर</th><th rowspan="2">फरक</th><th rowspan="2">मु.अ.कर</th><th rowspan="2">परिमाण</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>बिश्लेषण गर्दा</th><th>पेश भएको</th></tr>
<tr><td rowspan="2">छैगुर समाजघर निर्माण उ.स.</td><td rowspan="6">७७५</td><td>६५०</td><td>१२५</td><td>१६.२५</td><td>२००</td><td>३२५०</td></tr>
<tr><td>७०७</td><td>६८</td><td>८.८४</td><td>५४०</td><td>४७७३.६०</td></tr>
<tr><td>काग छौँदे गुम्बाको पुर्वाधार</td><td>५७५.२२</td><td>१९९.७८</td><td>२५.९७</td><td>१४४</td><td>३७३९.६८</td></tr>
<tr><td></td><td>५८४</td><td>१९१</td><td>२४.८३</td><td>१००</td><td>२४८३</td></tr>
<tr><td>मुक्तिनाथ मन्दिर पार्क निर्माण</td><td>६६५</td><td>११०</td><td>१४.३०</td><td>१९०</td><td>२७१७</td></tr>
<tr><td>सिंचाई ग्यातान्थाङ उ.स.</td><td>६२०</td><td>१५५</td><td>२०.१५</td><td>२५०</td><td>५०३७.५०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२२०००.७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**कर कट्टि दाखिला**

आयकर ऐन, 2058 को दफा 90(१) मा अग्रिम कर कट्टि गर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र कट्टि गरेको कर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय बमोजिम विभिन्न मितिमा कट्टि गरी खर्च लेखिएको रकमको चेक नसाटिएको कारण लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको नपाइएकोले सो कर रकम दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>शीर्षक</th><th>अग्रिम कर</th><th>सा.सु.कर</th><th>बहाल कर</th><th>मु.अ.कर</th><th>पारीश्रमिक कर</th><th>जम्मा</th></tr>
<tr><td>प्रकोप व्यवस्थापन</td><td>65657</td><td>2973</td><td>11050</td><td></td><td></td><td>79680</td></tr>
<tr><td>पुँजिगत</td><td>430119</td><td>106628</td><td>118315</td><td>392150</td><td></td><td>1047212</td></tr>
<tr><td>चालु</td><td>215062</td><td>25034</td><td>21890</td><td></td><td>27272</td><td>289258</td></tr>
<tr><td>जम्मा</td><td>710838</td><td>134635</td><td>151255</td><td>392150</td><td>27272</td><td>1416150</td></tr>
</table>

</td><td>१,४१६,१५०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 3 थान दुई पांग्रे सवारि साधन खरिदमा रु. 935000.00खर्च गरेका छन् ।

</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी,पदपूर्ति एवं विद्यार्थी संख्याः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस गाँउपालिका अन्तर्गत शैक्षिक सत्र २०७७माएक माध्यमिक र बाह्र अधारभुत तहका गरी तेह्र सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **क्र.सं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** | | |
| | | | | 1. | श्री जनशान्ति मा.वि., कागबेनी | १८ | १८ | २ | १५६ | १:८.६६ | | |
| | | | | 2. | श्री जननर्मल आ.वि., छुसाङ | ९ | ९ | ४ | १३४ | १:१४.९ | | |
| | | | | 3. | श्री लुप्रा आ.वि. लुप्रा | ६ | ६ | १ | ८० | १:१३.३ | | |
| | | | | 4. | श्री दिपज्योति आ.वि., चैले | ३ | ३ | ० | २१ | १:७ | | |
| | | | | 5. | श्री ज्योति आ.वि. तेताङ | २ | २ | ० | ६ | १:३ | | |
| | | | | 6. | ताङ्बे आ.वि. ताङवे | २ | २ | ० | ७ | १:३.५ | | |
| | | | | 7. | जनशेवा आ.वि. पुटाक | २ | २ | ० | ८ | १:४ | | |
| | | | | 8. | जनप्रिय आ.वि. झोङ | २ | २ | ० | ७ | १:३.५ | | |
| | | | | 9. | छैङ्गुर आ.वि. छैङ्गुर | २ | २ | ० | १२ | १:६ | | |
| | | | | 10. | ज्वालामुखि आ.वि पुराङ | २ | २ | १ | ७ | १:३.५ | | |
| | | | | 11. | मुक्तिनाथ आ.वि. झारकोट | ५ | ५ | ० | ४८ | १:९.६ | | |
| | | | | 12. | ज्वालामुखि आ.वि. खिंगा | ३ | ३ | १ | १४ | १:४.६ | | |
| | | | | 13. | पाङ्लिङ आ.वि. पाङ्लिङ | १ | १ | १ | ५ | १:५ | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **५७** | **५७** | **१०** | **५०५** | | |
| | | | यस गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३ देखि १:१४.९ सम्म रहेको देखिन्छ । सो अनुसार १३ विद्यालयमा ५०५ विद्यार्थी अध्यापन गराउन तलब भत्ताबापत रु.२४४६७१५९.०० खर्च लेखेकोमा प्रति विद्यार्थी लागत रु.४८४४९।- पर्न गएको देखियो । विद्यालय समायोजन कार्यान्यिन निर्देशिका २०७० अनुसार भौगोलिक दुरी टाढा भएमा बालविकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्नेतर्फ गाउँपालकाले ध्यान दिनुपर्दछ । | | | | | | | |
| ४६ | | | **सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ बमोजिम यस गाउँपालिका अन्तर्गतका तेह्र विद्यालयलाई रु. १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत र. १३०००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवाफदेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | | | | | | | |
| ४७ | | | **अनुगमन**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु. ७३२००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.८५०००।- गरी १३ विद्यालयहरूलाई रु.१५८२००।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | ९६ | २०७८-३-३० | **वितरण प्रमाण**<br>स्थानीय तहले सामुदायिक विद्यालयका छात्राहरूका लागि सेनिटरी प्याड उपलब्ध गराउँदा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने छ। विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई आवश्यक सेनिटरी प्याड कार्यालयले सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ। गाउँपालिकाले यस आ.ब.मा २०० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.११९९८.३४ खर्च गरेकोमा खरिद गरेको सेनिटरी प्याड मागको आधारमा विद्यालयलाई उपलब्ध गराउनुपर्नेमा लेखापरीक्षण अवधि सम्म पनि वितरण नभ्ाइ पालिकामा नै रहेको छ। अत: विद्यालय मार्फत छात्राहरूला्इ वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु. | ११,९९८.३४ |
| ४९ | | | **हिमाली आवासिय छात्रवृत्ति:**<br>कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं. ७.२.१.१ अन्तर्गत आवासमा बसी अध्ययन गर्ने विद्यार्थीहरूका लागि प्रति महिना ४ हजारको दरले हिसाब गरी दश महिनाको ४०,००० अनुदान बराबरको अनुदान दिने व्यवस्था छ। २०७७ को शैक्षिक सत्रमा श्री जननर्मल माध्यमिक विद्यालय र श्री जनशान्ति माध्यमिक विद्यालयला्इ हिमाली आवासिय छात्रबृत्ति वापत दश महिनाको क्रमश: ४० विद्यार्थी कोटाको लागि रु. १६०००००.00 र ७५ विद्यार्थी कोटाको लागि रु. २९२०८००.00 रकम निकासा दिएको छ। २०७७ को शैक्षिक सत्रका केही महिनामा कोभिड १९ को माहामारीको कारण बन्दाबन्दी तथा निषेधाज्ञा कायम रहेको अवस्थामा विद्यालय कति अवधि सञ्चालन भएको थियो भन्ने कुरा एकिन नगरी एकमुष्ट रकम निकासा दिएकोले विद्यालयमा कति अवधि छात्राबास सञ्चालन गरिएको थियो र सो अवधिमा कति विद्यार्थी छात्रावासमा रहेका थिए सोको हाँजिरी अभिलेख, बिल भरपाई तथा उक्त रकम खर्च भए नभएको सम्बन्धमा पालिकाको अनुगमन प्रतिवेदन समेत पेश गर्नुपर्ने देखिएको रु. | ४,५२०,८०० |
| ५० | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले सोहीबमोजिम रु.८७४८७८.०० को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.१ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको साथै निशुल्क वितरणका लागि खरीद भएका अधिकांश औषधिको कभरिङ्गमा नेपाल सरकारद्वारा निशुल्क वितरणका लागि भनी लोगोसहित उल्लेख गर्न लगाउने गरेको पाइएन, | |
| ५०.२ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। | |
| ५०.३ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **स्वास्थ्य स्वंयमसेविका पोशाक तथा, यातायात खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को दफा ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । शसर्त अनुदान चालुको गो.भौ.नं.७४।२०७८।३।२२ बाट गाँउपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वंयम सेविकालाई भुक्तानी दिनुपर्ने पोशाक भत्ता र यातायात खर्च क्रमश: रु. १०००० र रु. ३००० प्रतिव्यक्तिका दरले ३६ जनाको रु. ४६८००० रकम सिधै स्वंयम सेविकाको बैंक खातामा भुक्तानी नदिई स्वास्थ्य संयोजक खगेन्द्र बोहरालाई भुक्तानी दिएको छ । निज स्वास्थ्य संयोजकले लेखापरीक्षण अवधि सम्म पनि स्वंयमसेविकालाई भुक्तानी दिएको देखिएन । अत: सो रकम स्वास्थ्य स्वंयमसेवकको बैंक खातामार्फत रकम भुक्तानी दिएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४६८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>मापदण्ड विपरित विनियोजन र खर्च<br>सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरूका लागि सञ्चालन मार्गदर्शन २०७७ ले आयुर्वेद तथा बैकल्पिक चिकित्सा अन्तर्गतका कार्यक्रमरुमा बजेट विनियोजन तथा खर्चको सीमा तोकेको छ । पालिकाले यस वर्ष सो व्यवस्था विपरित देहाय बमोजिमका कार्यक्रममा वजेट विनियोजन तथा खर्च गरेको छ ।<br>
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>मार्गदर्शनले तोकेको विनियोजनको सीमा</th><th>पालिकाले गरेको विनियोजन</th><th>पालिकाले गरेको खर्च</th><th>मार्गदर्शनको सीमाभन्दा अधिक खर्च</th></tr>
<tr><td>नागरिक आरोग्य कार्यक्रम</td><td>१०००००</td><td>१५००००</td><td>१४९९६५</td><td>४९९६५</td></tr>
<tr><td>जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम</td><td>७५०००</td><td>९५०००</td><td>९५०००</td><td>२००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६९९६५</td></tr>
</table>
यसरी मार्गदर्शन विपरित विनियोजन तथा खर्च गरेको नियम सम्मत नदेखिएको रु</td><td>६९,९६५</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>बढी ग्रेड भुक्तानी<br>पालिकाले कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा पारित तलबी प्रतिवेदन अनुरुप गर्नुपर्दछ । गो.भौ.नं. 10-2077/6/27 सशर्त चालु, बाट बरिष्ट कबिराज निरीक्षक जनार्जन आचार्यको तलबी प्रतिवेदन अनुसार ग्रेड रकम रु. 7572.00 भएकोमा रु. 8572.00 भुक्तानी भएकोले बढी भुक्तानी भएको ग्रेड र कर्मचारी संचयकोष थप सहितको रकम असुल हुनुपर्ने रु.</td><td>१,१००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा बाटो मर्मत खानेपानी मुहान सरसफाई, सिँचाइ पोखरी मिर्मत लगायतका कार्यमा यस वर्ष 56 जनालाई रोजगारी उपलव्ध गराई रु.1661121.00 खर्च गरेको छ । लक्षित वर्गलाई 6 दिनदेखि 92 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५५ | | | **निकासा**<br>यस गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ 5 वटा वडाका ४92 जना लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत तीन चौमासिकको जम्मा रु. 13787158.00 वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ५५.१ | | | **लगत कट्टाको अभिलेख** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीयत तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष 2077।78 मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको देखिएन । जसले गर्दा लगत कट्टा हुनुपर्ने लाभग्राहीले पनि भत्ता पाइरहेको हो वा होइन भनी एकीन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ । | |
| ५५.२ | | | **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३2 मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.३ | | | **नवीकरण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्राणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीहरूको नविकरण गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ५५.४ | | | **लाभग्राहीको अभिलेख** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा 10 मा लाभग्राहीहरूको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची 3 बमोजिम लक्षित समूहअनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले आर्थिक वर्ष २०७७।७8 मा वितरण गरेको सामाजिक सुरक्षा भता वितरण केही लाभग्रहिहरूको जन्म मिति, नागरीकता नम्बर, पचिय पत्र नम्बर र आमा-बाबुको नाम समेत उल्लेख गरेको देखिएन । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरूले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत पालिका कार्यालयलबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा अनुसुची-५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरीक्ता नम्बर र परिचय पत्र नम्बर प्रविष्ट गरी वितरण अद्यावधिक गर्नुपर्दछ। | |
| ५५.५ | | | **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन यस तर्फ पालिकाले क्रियाशील हुनुपर्ने देखिन्छ । | |
| ५५.६ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा गाउँपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकासा माग गर्दा हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन। अतः कार्यविधिमा भएको व्यवस्था बमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि बैठक बसेको पाइएन । ऐनमा तोकिएबमोजिम गठित समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५७ | | | **कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्नता गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये विपद व्यवस्थापन कार्ययोजना तर्जुमा नगरेको, विपदका कार्यहरूको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |
| ५८ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । कार्यालयकोविपत व्यवस्थापन कोषको स्थापना गरेको पाइएन । पालिकाले कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने गरेको पाइयो । पालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरी कार्य योजना बनाई कार्यन्वयन गर्न कोषको अभिवृद्धि तथा परिचालनमा प्रभावकारीता ल्याउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>आ.ले.प. व्यहोरा सम्बन्धमा<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २077 को नियम 85 मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराबेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै फर्स्यौट गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औॅल्याइएका निम्न बमोजिमका बेरुजूहरू अन्तिम लेखापरीक्षण अवधि सम्म असुल फर्स्यौटगरेको नपाइएकोले यसै प्रतिवेदनको अंग बनाइएको छ ।
<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>ब.उ.सि.नं. 350000113<br>नमुना आवासिय विद्यालयका विद्यार्थीहरूको खान र बस्नका लागि बिल भरपाई संलग्न गरी भुक्तानी दिने व्यवस्था भएकोमा श्री जन नर्मल आधारभुत विद्यालय मुस्ताङ सँग संझौता पत्रको आधारमा मात्रै रु. 1000000.00 भुक्तानी भएकोले सम्बन्धित कार्यको बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>1000000</td></tr>
<tr><td>2.</td><td>आयुर्वेद/पशु तर्फ 73-2077/1013<br>महिला हिसां विरुद्धको १६ दिने अभियानमा सहभागीहरू मध्ये ४ जना सहभागी भत्ता बुझेको नदेखिएकोले बढि भुक्तानी हुन गएको प्रति सहभागी रु. ३०० का दरले हुने रु. १२०० श्री सावित्रा सुवेदीबाट असुल गर्नुपर्ने रु.</td><td>१२००</td></tr>
<tr><td>3.</td><td>61-2077/9/24<br>मुक्तिनाथ परिसरको 108 धारा मर्मतको लागि बर गुम्बालाई भुक्तानी दिँदा होटलको बिल प्रयोग गरेकोले निर्माण सामाग्रीको आपूर्ति गर्दा सोही बमोजिमको स्वीकृति प्राप्त फर्मबाट सामान खरिद गर्नुपर्ने ।</td><td></td></tr>
</table></td><td>१,६२६,९३९.६४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| **दफा नं.** | **भौचर, मिति र व्यहोरा** | **रकम** |
|---|---|---|
| 4. | **108-2077/12/13**<br>परीक्षा व्यवस्थापनमा परिक्षा समितिले तोकेका कर्मचारीहरूलाई मात्र संलग्न गराई सो वापतको भत्ता वितरण गर्नुपर्ने । | |
| 5. | **109-2077/12/13**<br>मल्लाज भेट सेन्टरबाट रु. 43000.00 मा 430 के.जी जौ घाँस खरिद गरेकोमा कृषकहरूलाई 408 केजी मात्र वितरण गरिएको तथा बाँकी 22 के.जी. भण्डारमा नरहेकोले सो परिमाण बराबरको कृषकले बुझेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | 2200 |
| 6. | **160-2078/3/13**<br>सास्कृतिक कार्यक्रम खर्च वापत मिलन युवा क्लब कागबेनीलाई भुक्तानी दिएकोमा संलग्न बिल भरपाईले कार्यक्रमको मर्म अनुरुप खर्च हुन नसकेको देखाउछ । संस्कृति संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्दा सो को मर्म अनुरुप हुने गरी विनियोजित रकम खर्च गर्नुपर्दछ । | |
| 7. | **177-2078/3/15**<br>कार्यालयले सोझै खरिद गर्दा कोटेशन माग गरेकोमा सम्बन्धीत फर्मको आधिकारिक लेटर प्याडमा नै माग गर्नु पर्दछ । | |
| 8. | **221-2078/3/22**<br>विपन्न लक्षित कार्यक्रमहरू संचालन गर्दा वितरण मुखि नभई उनिहरूको सीप तथा क्षमता विकास गरी आय आर्जन वृद्धि हुने कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ । | |
| 9. | कार्यालयले मेशिनरी औजार मर्मत गर्दा मर्मत संभार आदेश स्वीकृत गरी गर्नुपर्दछ । साथै मर्मत संभार अभिलेख खाता राख्नु पर्दछ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| दफा नं. | भौचर, मिति र व्यहोरा | रकम |
|---|---|---|
| 10. | **253-2078/3/28**<br>विकेन्द्रिकृत आयोजना सहयोग इकाई पोखराले च्याङ्ग्राहरूलाई भ्याक्सीन लगाउन तथा औषाधी खुवाउन कर्मचारी खटाएको र पालिकालाई सहजिकरण गरिदिने पत्रको आधारमा ना.प.से.प्रा. मनिशा जि.सी.लाई दैनिक भ्रमण भत्ता दिएकोले सहजीकरणको लागि कर्मचारी खटाउदा भ्रमण भत्ता दिन पाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. | 9056 |
| 11. | **300-2078/3/30**<br>पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकबाट मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेको रु. | 83055 |
| | **पुँजीगत तर्फ** | |
| 12. | **पशु आर्युर्वेद 50-2078/3/30**<br>छोहर सिँचाइ कुलो निर्माण उ.स.बाट भुक्तानीको लागि पेश गरिएको कागजातहरूको आधारमा रु. 489383.80 को मात्र देखिएकोले अनुपातिक कट्टि गरि रु. 420696.36 दिनुपर्नेमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | 59303.64 |
| 13. | **9-2077/10/15**<br>ताङ्बे खोला झोलुङ्गे पुलको प्रथम बिल भुक्तानी गर्दा रु. ६००००.०० को ढुवानी भरपाई पेश भएको हुँदा बहाल कर कट्टी गर्न छुट भएको रु. ६०००.०० असुल गरि दाखिला हुनु पर्ने रु. | ६००० |
| 14. | पालिकाले मुल्य अभिवृद्धि कर ऐन, 2052 बमोजिम रु. 20 हजार भन्दा बढीको बस्तु तथा सेवाको पालिकाले सो बमोजिम खरिद गर्दा मु.अ.करमा दर्ता भएको आपूर्तिकर्ता बाट खरिद गर्नुपर्ने व्यवस्था छ । | |
| 15. | **92-2078/3/15**<br>पुटाक खानेपानी निर्माण योजनाको लागि कार्यालयबाट रु. 430822.00 भुक्तानी दिनका लागि डोजरले बाटो खनेको बिल प्रयोग गरेकोले प्रमाण पुष्टयाई पेश हुनुपर्ने रु. | 466125 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| दफा नं. | **भौचर, मिति र व्यहोरा** | **रकम** |
|---|---|---|
| 16. | **94-2078/3/15**<br>साङ्ता डिपिङ ट्याङ निर्माणको भुक्तानी दिनका लागि प्रयोग भएको 14 बोरा सिमेन्ट खरिदको बिल भरपाई पेश हुनुपर्ने । | |
| 17. | सामान खरिद गर्दा बिलको मिति सच्याइएको । | |
| 18. | मु.अ.करमा दर्ता भएको फर्मसँग कारोबार नगरी टुक्रा-टुक्रा बिल लिई खरिद गर्ने गरेको । | |
| | **जम्मा** | **1626936.64** |

</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>

**कोभिड–१९ तर्फः**

कार्यालयले विपद् व्यवस्थापन कोष खाता खोलेको पाइएन । कोभिड-19 रोकथाम तथा नियन्त्रण कार्यका लागि प्राप्त हुने बजेट प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी उक्त कार्यका लागि प्रकोप व्यवस्थापन कोषबाट रु. 1527351.00 र गाउँपालिका स्वास्थ्य शाखा बजेटबाट रु. 1006012.00 र स्वास्थ्य सशर्त बजेटबाट रु. 87487.00 समेत रु. 2620850.00 खर्च गरेको छ । सो खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

| आम्दानी स्रोत | रकम रु | खर्च शीर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | 2338143 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 200980 |
| स्थानीय तहको आफ्नै वजेटवाट | 2500000 | औषधी एवं स्वास्थ्य उपकरण खरिद | 1754316 |
| संघीय कोभिड कोषवाट | 1000000 | आइसोलेसन केन्द्र निर्माण | 658804 |
| स्वास्थ्य शाखाबाट | 1006012 | बाढी पहिरो नियन्त्रण (प्रकोप तर्फ) | 3411863 |
| स्वास्थ्य सशर्त बजेट | 87487 | बाँकी मौज्दात | 905679 |
| **जम्मा** | 6931642 | | **6931642** |

:

**बिल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । पालिकाले प्रकोप कोभिड-19 रोकथाम तथा नियन्त्रण कार्यक्रम अन्तर्गत बालाजी स्टेशनरी सप्लायर्स, पोखराबाट रु. 494940.00 मुल्यको डस्टविन र बाल्टि(धारा र ढक्कन समेत) १०००/1000 थान खरिद गरी वितरण गरेकोमा भरपाई पेश हुन आएन । पालिकाले जिन्सी सामान वितरण गर्दा वितरणको भरपाई संलग्न गरी जिन्सी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **प्रकोप व्यवस्थापन कोष तर्फ लागत अनुमान**<br>सार्वजनिक खरिद ऐन, 2063 को दफा 5 मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमको कार्य गर्दा लागत अनुमान तयार नगरी काम गरेको परिमाण नखुलाई डोजर भाडामा लिई घण्टाको हिसाबले भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु. | १,०३०,७०५ |

| **भौ.नं. र मिति** | **विवरण** | **फर्मको नाम** | **खर्च रकम** |
|---|---|---|---|
| 34-2078/3/22 | फल्याक गाउँ देखि शान्ता गाउँ सम्म एक्जाभेटरबाट पहिरो सफाई | हिमालयन कन्स्ट्रक्सन, कागबेनी | 90931 |
| 37-2078/3/23 | पहिरो सफाई | हिमालयन कन्स्ट्रक्सन, कागबेनी | 144075 |
| 53-2078/3/30 | एक्जाभेटर प्रयोग गरी विभिन्न स्थानमा बाटो र सिँचाइ कुलो मर्मत | अमित बिल्डर्स | 635199 |
| 55-2078/3/30 | पाखा खोला बाढी नियन्त्रणको लागि ज्यामीद्वारा ग्याबियन बक्स भर्ने कार्य | ज्यामीद्वारा | 160500 |
| **जम्मा** | | | **1030705** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | अनुगमन तथा सम्परीक्षण | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

| **गत वर्षसम्मको बाँकी बेरुजू** (A) | **यो वर्ष संपरीक्षण गरिएको बेरुजू**(B) | **गत बर्षसम्मको बाँकी बेरुजू** (C=A-B) |
|---|---|---|
| 27729 | ३९४१ | २३७८८ |

**सम्परीक्षण -** पालिकाले रु. 41११६९९.00 बेरुजू फर्स्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेको मध्ये देहाय बमोजिम रु. 3941395.00सम्परीक्षण गरी बाँकी रकम रु.१८०३४४.00को आवश्यक प्रमाण कागजात नपुगेको कारण फिर्ता गरिएको छ ।

| **आ.व.** | **वेरुजु दफा नं.** | **वेरुजुको संक्षिप्त व्यहोरा** | **फछ्यौंटको आधार** | | | | **सम्परीक्षण** |
|---|---|---|---|---|---|---|---|
| | | | **असुली** | **प्रमाण** | **नियमित** | **पेश्की** | |
| 2076/ 77 | 13 | अनुदान फिर्ता गर्नुपर्ने रकम संचित कोष दाखिला | 44000 | | | | 44000 |
| 2076/ 77 | 31 | स्थानीय भत्ता वापतको रकम | 1050 | | | | 1050 |
| 2076/ 77 | 34 | बढी निकासा सा.सु | 24000 | 192000 | | | 216000 |
| 2076/ 77 | 36 | पेश्की (झोलुङ्गे पुल) | | | | 3000000 | 3000000 |
| 2076/ 77 | 39 | धरौटी | 82525 | | | | 82525 |
| 2076/ 77 | 40 | धरौटी कट्टा | 513145 | | | | 513145 |
| 2076/ 77 | 50 | तलबमा बढी रकम भुक्तानी | 1285 | | | | 1285 |
| 2076/ 77 | 54 | अग्रिम कर दाखिला | 83390 | | | | 83390 |
| **जम्मा** | | | | | | | **3941395** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | अद्यावधिक वेरुजु | |

यस पालिकाको २०७७।७८ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ ।

| **गत वर्षसम्मको बाँकी बेरुजू** (A) | **यो वर्ष संपरीक्षण गरिएको बेरुजू**(B) | **यो वर्ष कायम बेरुजू**(C) | **संपरीक्षणबाट कायम बेरुजू**(D) | **अध्यावधिक बाँकी बेरुजू** (E=A-B+C+D) |
|---|---|---|---|---|
| 27729 | ३९४१ | 15457 | ० | ३९२४५ |